हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

आज मिती २०७७ साल अशोज महिनाको ०२ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) निमित्त वडा अध्यक्ष | हरिनाथ प्रसाद साह मंगलु चौधरी | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

मिति : २०७७०६।०२

हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिपुर, सर्लाही प्रदेश नं. २, नेपाल २०७३

## छलफलका लागी पेश भएका प्रस्तावहरु

१. सेनिटरी प्यउड वितरण तथा व्याबस्थापन समिति गठन सम्वन्धमा ।
२. स्वयमसेवक शिक्षक ब्यवस्थापन कार्याविधी २०७७ सम्वन्धमा ।
३. ५ वेडको कोभिड हस्पीटल संचालन सम्वन्धमा ।
४. आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा बर्थिंग सेन्टरको लागि कर्मचारी ब्यवस्थापन सम्वन्धमा ।
५. चिकित्सक वा स्वास्थ्य कर्मी करार सेवामा ब्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी, २०७६ सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सेनिटरी प्यउड वितरण तथा व्याबस्थापन समिति गठन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेको सम्पुर्ण सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरि प्याड वितरण तथा व्यवस्थापन गर्नुपर्ने भएको हुदां सो कार्यकोलागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरिएको सेनिटरि प्याड वितरण तथा व्यवस्थापन कार्यविधि अनुरुप देहाय बमोजिमको नगर स्तरीय सेनिटरि प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. श्री रेनुका देवी काफ्ले | संयोजक - | नगर उपप्रमुख |
| २. श्री परमशिला देवी कानु | सदस्य | कार्यपालिका सदस्य |
| ३. श्री बिकाउ महतो | सदस्य | स्वास्थ्य शाखा संयोजक |
| ४. श्री राम औतार चौधरी | सदस्य | विद्यालय सम्पर्क व्यक्ति |
| ५. श्री पृष्ठिना प्रधान | सदस्य | विद्यालय सम्पर्क व्यक्ति |
| ६. श्री अनिता भट्टराई | सदस्य | महिला तथा बालबालिका शाखा प्रमुख |
| ७. श्री नागेश्वर राय | सदस्य सचिव | नगर शिक्षा शाखा प्रमुख |

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको स्वयमसेवक शिक्षक ब्यवस्थापन कार्याविधी २०७७ सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको देहाय अनुसारको शिक्षक ब्यवस्थापन कार्याविधी २०७७ पारित गर्ने निर्णय गरियो ।

मिति : २०७७।०६।०२

# हरिपुर नगरपालिका राजपत्र

## हरिपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड: १ संख्या : १ मिति : २०७७।०५।२५

### भाग - १

हरिपुर नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## स्वंयमसेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७७

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हरिपुर नगरकार्यपालिकाले यो स्वंयमसेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७७ जारी गरेको छ ।**

### स्वयंमसेवक शिक्षक ब्यवस्थापन कार्यविधि, २०७७

हरिपुर नगरररपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्ये नजर गरी अपरिपूर्त शिक्षकको मागलाई पूर्ती गर्न स्वंसेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनालाइ व्यवस्थित, मर्यादित एवम्

उदय प्रसाद
प्रमुख प्रशासकिय अ

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०६।०२

स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न स्वंयसेवक शिक्षक व्यवस्थापन कार्यबिधि, २०७७ जारी गरिएको छ ।

# परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम स्वंयसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ रहेको छ र यो कार्यबिधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हरिपुर नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको हरिपुर नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ङ) "छनौट समिति" भन्नाले नियम १८ बमोजिम गठन हुने स्वयंसेवक शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले नगर शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

हरिपुर नगरपालिका, सर्लाही

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०६।०२

(ट) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभागलाई सम्झनु पर्छ ।

(ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको

नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(ड) "प्राथमिक स्वंयसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(ढ) "निम्न माध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्य पालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(ण) "माध्यमिक स्वंयसेवक शिक्षक" भन्नाले नगरपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

(त) "विषय विशेषज्ञ" भन्नाले स्वयंसेवक शिक्षक छनौट परीक्षा सञ्चालनको लागि नगर पालिकाबाट सूचिकृत भएका प्राथमिक , निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरु र स्रोत व्यक्तिलाई समेत सम्झनुपर्छ ।

(थ) "नगरसभा" भन्नाले संघिय कानून बमोजिम गठन भएको हरिपुर नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

# परिच्छेद - २

## दरबन्दी सृजना, योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

३. स्वयंसेवक शिक्षकको अनुदान दरबन्दी सृजना गर्न सक्ने :

(१) नगरसभाबाट स्विकृत कार्यक्रम अनुसार नगरकार्यपालिकाले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका स्वयंसेवक शिक्षकहरुको अनुदान कोटा (दरबन्दी) सृजना गर्न सक्नेछ ।

(२) स्वयंसेवक शिक्षकको कोटा (दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

(१) शून्य दरवन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने

(२) एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने



प्रमुख प्रशासकिय अधिकृत

मिति : २०७७०६।०२

(३) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

(४) आधारभूत तह (६ (८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ।

४. स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धि ब्यवस्था : नियम ३ बमोजिम सृजना भएका दरबन्दीमा नियुक्त हुने स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ :

**(१) प्राथमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको।

ग) नेपाली नागरिकता प्राप्त गरेको,

**(२) निम्न माध्यमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको।

ङ) नेपाली नागरिकता प्राप्त गरेको।

**(३) माध्यमिक तह :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख) सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

मिति : २०७७।०६।०२

ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

ङ) नेपाली नागरिकता प्राप्त गरेको,

**५. उम्मेदवारको लागि अयोग्यता : देहायका व्यक्तिहरू स्वयंसेवक शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन :**

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पूरा भएको,

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) तालिम नलिएको,

(छ) खण्ड "ग" मा जुनसुकै कुरा उल्लेख भए तापनि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि उमेरको हद लाग्ने छैन ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया : परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।**

**७. स्वयंसेवक शिक्षक छनौट समिति :** स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

क) शिक्षा शाखा प्रमुख - संयोजक

ख) सामाजिक विकास शाखा प्रमुख - सदस्य

ग) विषय विशेषज्ञ १ जना - सदस्य

मिति : २०७७।०६।०२

**८. स्वयंसेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ :**

(१) स्वयंसेवक शिक्षकको पदपुर्ती तोकिएको योग्यता पुगेका उम्मेदवारहरु विच खुला प्रतियोगितात्मक परीक्षाद्वारा गरिनेछ ।

**९. स्वयंसेवक शिक्षकको छनौट सम्बन्धि व्यवस्थाः स्वयंसेवक शिक्षक छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ :**

१. स्वयंसेवक शिक्षक छनौट गर्न कम्तीमा १५ दिनको म्याद दिई सार्वजनीक सुचना प्रकाशन गरिनेछ ।

२. स्वयंसेवक शिक्षक नियुक्तिकालागि सूचिकृत विषय विज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी नगरपालिकाले सुरक्षित र गोप्यता साथ राख्नेछ ।

३. योग्यता पुगेका ईच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फारम भरी नगरपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

४. शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित परीक्षाको प्रथम पत्र र मौखिक परीक्षा पद्धति अनुरुप स्वयंसेवक शिक्षकहरुको छनौट हुनेछ ।

५. स्वयंसेवक शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा संचालन गरिनेछ ।

**१०. स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने :** नगरपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**११. परीक्षा हुने मिति, समय र केन्द्र :** नगरपालिकाले तोकेको मिति, समय र केन्द्रमा सञ्चालन हुनेछ ।

**१२. परीक्षाको दस्तुर :** नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क :** (१) नगरपालिकाबाट लिइने प्रतियोगात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछ:

**(क) लिखित परीक्षाको पूर्णाङ्क देहाय बमोजिमको हुनेछ ।**

१) लिखित परीक्षाको पूर्णाङ्क :- १०० र उतिर्णाङ्क - ४० अंकको हुनेछ ।

(२) अन्तरवार्ताको पूर्णाङ्क :- ८०

(३) कक्षा अवलोकन :- २०

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०६।०२

**१४. सफल उम्मेदवारको सूची प्रकाशन गरिने :** (१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरू थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

**१५. अन्तरवार्ता सम्बन्धि व्यवस्था :** (१) नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तर्वार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ ।

**१६. अन्तवार्ताको अङ्क :** अन्तर्वार्ताको लागि छुट्याइएको ८० अङ्क देहाय बमोजिम दिइनेछः

**क) भौगोलिक क्षेत्र :- २० अंक -** अन्तवार्ता परिक्षाको लागि प्रदेश नं. २ को स्थायी वासिन्दा भएको उम्मेदवारलाई १० अंक, सर्लाही जिल्लाको स्थायी वासी भएको उम्मेदवारलाई १६ अंक र हरिपुर नगरपालिका क्षेत्रको स्थायी वासिन्दा भए २० अंक प्रदान गरिनेछ ।

**ख) शैक्षिक योग्यता :- ३० अंक -** सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए २०, द्धितिय १५ र तृतिय १० अंक प्रदान गरिनेछ ।

माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणीको भए १०, द्धितिय श्रेणीको भए ८ र तृतिय श्रेणीको भए ६ अंक प्रदान गरिने छ । - कुनै उम्मेदवारको माथिल्लो शैक्षिक योग्यता एक भन्दा वढी भएमा उम्मेदवारले चाहेको तहको शैक्षिक योग्यता पेश गर्न सक्नेछ ।

**ग) अनुभव :-** १० अंक ( सामुदायिक विद्यालयमा अध्यापन गरेका उम्मेदवारहरुलाई प्रतिबर्ष २ अंकको दरले वढीमा १० अंक प्रदान गरिनेछ )

**घ) अन्तवार्ता :-** २० अंक ( ७० प्रतिशत भन्दा वढी र ४० प्रतिशत भन्दा कम दिनुपरेमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।)

**ङ) कक्षा अबलोकन** :- २० अंक : लिखित परीक्षामा सामेल भएका उम्मेदवारहरु मध्ये लिखित परीक्षा उतीर्ण गरेको उम्मेदवारको हकमा कक्षा अवलोकन गरिनेछ , कक्षा अवलोकनका लागि विषय वस्तुको ज्ञान भएको - ५ अंक, सिकाई सहजिकरण शैली - ५ अंक, शिक्षण सामाग्रीको प्रयोग - ५ अंक र मूल्याकंन सीप - ५ अंकको हुनेछ ।

उदय प्रसाद ... 
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०६।०२

**१७. योग्यताक्रम प्रकाशित गर्ने :**

(१) लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(२) एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिनेछ ।

**१८. नियुक्ति दिने :** सिफारिस गरिएको उम्मेदवारलाई नगरकार्यपालिकाको शिक्षा शाखाबाट नियुक्तिकोलागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिन भित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ति १५ दिन भित्र नलिएमा, वैकल्पिक उम्मेदवारलाई नियुक्त गरिने छ ।

**१९. छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने/गराउने

ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने

ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको ब्यवस्था गर्ने

घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने

ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने

छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तरवार्ता लिने

ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

झ) नियुक्तिका लागि सिफारिस गर्ने

ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने

**२०. स्वयंसेवक शिक्षकको पदस्थापना: उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यत, विद्यालयको आवश्यकता तथा विशिष्टताका आधारमा तोकिएको कार्य क्षेत्रमा नगरकार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको पदस्थापना गरिनेछ ।**

उदय प्रसाद ढकाल
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७३

मिति : २०७७।०६।०२

**२१. प्रोत्साहन भत्ता उपलब्ध गराईने :**

(१) हरिपुर नगर सभाले विनियोजन गरेको स्वयंसेवक शिक्षक अनुदान शिर्षकको अधिनमा रही नगर कार्यपालिकाको निर्णयानुसार पदस्थापना गरिएको स्वयंसेवक शिक्षकहरुको लागि प्रोत्साहन भत्ता तत् विद्यालयमा अनुदान स्वरुप उपलब्ध गराइनेछ र विद्यालयल सो र कमबाट स्वयंसेवक शिक्षकको प्रोत्साहन भत्ता बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन ।

(२) स्वयंसेवक शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धि खर्च स्वयंसेवक शिक्षकको प्रोत्साहन अनुदान अन्तर गत विनियोजित शिर्षकबाट शिक्षक सेवा आयोगको स्विकृत नर्म्सको बमोजिम खर्च गरिनेछ ।

२२. धार्मिक तथा पूर्व प्राथमिक विद्यालयलाई कार्यपालिकाले तोके बमोजिम शिक्षण सहयोग अनुदान एकमुष्ठ उपलब्ध गराइन सकिनेछ ।

# परिच्छेद - ३

**विविध**

**२३. स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने :** संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरपालिकाले स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

**२४. प्रचलित कानून लागू हुने :** प्रचलित कानूनमा ब्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम हुनेछ ।

**२५. खारेजी :** नगरसभाले यो कार्यविधि जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

**२६. अन्तिम ब्याख्या:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा नगरकार्यपालिकाले गरेको ब्याख्या अन्तिम हुनेछ ।

उदय प्रसाद ...
प्रमुख प्रशासकिय अधिकृत

मिति : २०७७०६।०२

**निर्णय नं. ३**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको ५ वेडको कोभिड हस्पीटल संचालन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ को फरहदवामा संचालित फरहदवा स्वास्थ्य चौंकी ५ वेडको कोभिड हस्पीटल बनाउने निर्णय गरियो । साथै यसमा चाहिने जनशक्ति १ जना चिकित्सक, १ जना स्टाफ नर्स र १ जना कार्यालय सहयोगी करार सेवामा नियुक्त गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा बर्थिंग सेन्टरको लागि कर्मचारी व्यवस्थापन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा संचालित ४ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि १ जना अ.हे.व./हेल्थ असिस्टेन्ट, १ जना अ.न.मी. र १ जना कार्यलय सहयोगी आवश्यक परेकोले अ.हे.व./हेल्थ असिस्टेन्ट हाल फाजीलमा परेकाहरु मध्येबाट काम काजमा लगाउने र अ.न.मी.–२ जना तथा कार्यालय सहयोगी–४ जना मात्र करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो । साथै २४ घण्टे वर्थिंग सेन्टर संचालनको लागि थप २ जना अ.न.मी. र फरहदवा स्वास्थ्य चौंकी र जानकीनगर स्वास्थ्य चौंकीको लागि १–१ जना कार्यालय सहयोगी करार सेवामा नियुक्ति गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको चिकित्सक वा स्वास्थ्य कर्मी करार सेवामा ब्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी, २०७६ सम्वन्धी प्रस्तावमा छलफल गर्दा चिकित्सक वा स्वास्थ्य कर्मी करार सेवामा ब्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी, २०७६ अनुसार हुने गरी निर्णय गरियो